देवानगञ्ज गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
देवानगञ्ज, सुनसरी
कोशी प्रदेश, नेपाल

मिति : २०८०/०३/०७

प.स : २०७९/०८०

# सूचना ! सूचना !! सूचना !!!

**विषय : अतिक्रमण भएका जग्गाहरु खालि गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा यस देवानगञ्ज गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०७९/०८/२३ गतेको बैठकको निर्णय अनुसार देवानगञ्ज गा.पा. वडा नं.२ स्थित देवानगञ्ज हाटबजारको स्वामित्वमा रहेको साविक देवानगञ्ज गा.वि.स. वडा नं.२, कि.नं.७, ८, ११, १२, २३, २५, २६, २७, २८ र कि.नं.१०४ का जग्गाहरु विभिन्न व्यक्तिहरुले अतिक्रमण गरि भोगचलन गरिरहेकाले उक्त जग्गाहरु खालि गराउन ३५ दिने सूचना यस गा.पा.बाट जारी भएकोमा सो म्याद सकिसकेको अवस्था छ । सो सूचना उपर अतिक्रमित गरिएकाहरु मध्येका दिप नारायण भगत समेतले श्री सुनसरी जिल्ला अदालतमा मुद्दा नं.०७९-CP-१५५५ भएको निषेधाज्ञा मुद्दा देवानगञ्ज गाउँपालिकाको कार्यालय, देवानगञ्ज समेतलाई प्रतिवादी बनाई मुद्दा दर्ता गराएकोमा कारवाही चली मिति २०८०/०३/०४ गते श्री सुनसरी जिल्ला अदालतबाट सो रिट निवेदन खारेज फैसला भएकोमा उपरोक्त अतिक्रमित जग्गाहरु खालि गराउन मिति २०८०/०३/०८ गते दिन तोकिएको हुँदा सो अतिक्रमित जग्गामा पर्ने घर-टहराहरु तथा अन्य अवरोधहरु मिति २०८०/०३/०८ गते बिहान १०:०० बजे अगाडी हटाउनुहुन आदेश अनुसार अनुरोध छ अन्यथा उक्त घर-टहराहरु तथा अन्य अवरोधहरु भत्काइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

2080/03/06

..........................
रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

रामराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना प्रविधि शाखा - देवानगञ्ज गाउँपालिकाको वेबसाइटमा सूचना प्रकाशन गरिदिनुहुन ।